जगदुल्ला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
माझगाउँ, डोल्पा
कर्णाली प्रदेश, नेपाल

# स्थानीय राजपत्र

खण्डः ०५ संख्याः ०२ मितिः २०८१ साल आषाढ १० गते

भाग–१
जगदुल्ला गाउँपालिका

## विनियोजन ऐन २०८१

जगदुल्ला गाउँपालिका, डोल्पाको आर्थिक बर्ष २०८१/८२ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सभाबाट स्वीकृत मिति :

**प्रस्तावना :**

जगदुल्ला गाउँपालिका, डोल्पा २०८१/८२ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोम जगदुल्ला गाउँपालिका, डोल्पाको गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम "जगदुल्ला गाउँपालिका, डोल्पाको विनियोजन ऐन," रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष २०८१/८२ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:**

(१) आर्थिक वर्ष २०८१/८२ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ३०,६८,५७,२५४.०० (अक्षेरुपी रुपैयाँ तिस करोड अठ्सठ्ठी लाख सन्ताउन्न हजार दुइसय चौवन्न मात्र ।) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजन :**

(१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१/८२ को निमित्त जगदुल्ला गाउँपालिका, डोल्पाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुराले लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।







(३) उपदफा (२) मा जुनसुकै कुराले लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

आज्ञाले
**केशवराज जैसी**
**नि. प्रमुख प्रशासकीय अधिकृत**

**जगदुल्ला गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**माझगाउँ, डोल्पा**
**कर्णाली प्रदेश, नेपाल**

# स्थानीय राजपत्र

**खण्डः ०५ संख्याः ०२ मितिः २०८१ साल आषाढ १० गते**

**भाग–१**

**जगदुल्ला गाउँपालिका**

## अर्थिक ऐन २०८१

स्वीकृत मिति : २०८१/०३/१०

**जगदुल्ला गाउँपालिका, गाउँ कार्यपालिकाको अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक**

**प्रस्तावना**ः

जगदुल्ला गाउँपालिकाको अर्थिक वर्ष २०८१।०८२ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानिय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न बाञ्छनीय भएकोले, नेपलको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम जगदुल्ला गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम “आर्थिक ऐन, २०८१” रहेको छ ।

(२) यो ऐन २०८१ साल श्रावण १ गतेदेखि जगदुल्ला गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति कर**: गाउँपालिका/नगरपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत)** : गाउँपालिका/नगरपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल कर**: गाउँपालिका/नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय कर** : गाउँपालिका/नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु कर**: गाउँपालिका/नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन कर**: गाउँपालिका/नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन कर**: गाउँपालिका/नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन कर**: गाउँपालिका/नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।







१०. **बहाल बिटौरी शुल्क** : गाउँपालिका/नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्क** : गाउँपालिका/नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग शुल्क**: गाउँपालिका/नगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवापत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुर**: गाउँपालिका/नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **पर्यटनशुल्क**: गाउँपालिका/नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्नेपर्यटकहरुबाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. **कर छुट**: यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि**: यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिका/नगरपालिकाले तोके अनुसार हुनेछ ।

## अनुसुचीहरु

## अनुसुची-१

(दफा २ सँग सम्बन्धित)

### गाउँपालिकाले लगाउने सम्पत्ति कर

यस सम्बन्धी व्यवस्था गाउँपालिकाले तोके दर बमोजिम हुनेछ । जगदुल्ला गाउँपालिका भित्र सम्पत्ति कर घर र घरले चर्चेको जमिनको क्षेत्रफलको आधारमा मुल्याङ्कन गरी सम्पत्ति कर संकलन गरिने छ ।

**भौतिक संरचना सम्बन्धि मूल्याङ्कन**

| क्र.सं. | घर भवन सम्बन्धि विवरण | प्रति वर्ग फिट दर |
|---|---|---|
| १ | आर. सि. सि. भवन प्रति वर्ग फिट | ३००।०० |
| २ | आर. बि. सि. भवन प्रति वर्ग फिट | २५०।०० |
| ३ | पक्की गारो टिन छानो प्रति वर्ग फिट | २००।०० |
| ४ | कच्ची गारो टिन छानो प्रति वर्ग फिट | १५०।०० |
| ५ | कच्ची भवन माटोको छानो भएको प्रति वर्ग फिट | १००।०० |
| ६ | कच्ची भवन फुस्रो खरको छानो भएको प्रति वर्ग फिट | ५०।०० |

**नोटः** सम्पत्ति करका सम्बन्धमा आर्थिक वर्षको असोज मसान्तसम्म बुझाएमा जरीवाना लाग्ने छैन । कार्तिक १ गते देखि पछाडी बुझाएमा वार्षिक १० प्रतिशतको दरले जरीवाना र वर्ष नाघि बक्यौता रहन गएमा सबै रकमको पहिलो वर्षको बक्यौतामा २० प्रतिशत, दोस्रो वर्षमा ३० प्रतिशत, तेस्रो वर्षमा ४० प्रतिशत, चौथो वर्षमा ५० प्रतिशत, पाँचौ वर्षमा ६० प्रतिशत र सो भन्दा माथि ७० प्रतिशत विलम्ब शुल्क लाग्नेछ ।







## अनुसुची-२

(दफा ३ सँग सम्बन्धित)

### गाउँपालिकाले लगाउने भूमि कर (मालपोत)

यस सम्बन्धी व्यवस्था गाउँपालिकाले तोके दर बमोजिम हुनेछ । जगदुल्ला गाउँपालिका भित्र भूमि कर मालपोत अनुसुचि १ बमोजिम सम्पत्ति कर लाग्ने बाहेकको जमिनमा भूमि कर मालपोत संकल गरिने छ ।

**भूमि कर मालपोतका लागि जग्गा मूल्याङ्कन**

| क्र.सं. | भुमि कर मालपोत विवरण | प्रति रोपनी दर |
|---|---|---|
| १ | प्रति रोपनी | ५०।०० |

**नोटः** भूमि कर मालपोतका सम्बन्धमा आर्थिक वर्षको असोज मसान्तसम्म बुझाएमा जरीवाना लाग्ने छैन । कार्तिक १ गते देखि पछाडी बुझाएमा वार्षिक १० प्रतिशतको दरले जरीवाना र वर्ष नाघि बक्यौता रहन गएमा सबै रकमको पहिलो वर्षको बक्यौतामा २० प्रतिशत, दोस्रो वर्षमा ३० प्रतिशत, तेस्रो वर्षमा ४० प्रतिशत, चौथो वर्षमा ५० प्रतिशत, पाँचौ वर्षमा ६० प्रतिशत र सो भन्दा माथि ७० प्रतिशत विलम्ब शुल्क लाग्नेछ ।

## अनुसुची-३

(दफा ४ सँग सम्बन्धित)

### गाउँपालिकाले लगाउने घर बहाल कर

यस सम्बन्धी व्यवस्था गाउँपालिकाले तोके दर बमोजिम हुनेछ ।

| क्र.स. | बहाल कर | बहाल करको दर |
|---|---|---|
| १ | घर बहाल कर (प्रति एक सय को वार्षिक) | १० प्रतिशत |
| २ | जग्गाको बहाल कर (प्रति एक सयको वार्षिक) कृषि प्रयोजन | ५ प्रतिशत |
| ३ | जग्गाको बहाल कर (प्रति एक सयको वार्षिक) व्यापारिक प्रयोजन | ७ प्रतिशत |

## अनुसुची-४

(दफा ५ सँग सम्बन्धित)

## गाउँपालिकाले लगाउने व्यवसाय कर

यस सम्बन्धी व्यवस्था गाउँपालिकाले तोके दर बमोजिम हुनेछ । जगदुल्ला गाउँपालिका क्षेत्र भित्र सञ्चालित व्यवसायमा गाउँपालिकाले व्यवसाय रजिष्ट्रेशन र व्यवसाय नविकरण दस्तुर संकलन गर्ने छ ।

| क्र.स. | व्यवसाय कर | व्यवसाय करको दर |
|---|---|---|
| १ | अन्य व्यवसाय तथा समुह रजिष्ट्रेशन दस्दुर | २०००। |
| २ | अन्य व्यवसाय तथा समुह नविकरण दस्दुर | १५००। |
| ३ | घ वर्गका निर्माण व्यवसायी इजाजत रजिष्ट्रेशन दस्दुर | १००००। |
| ४ | घ वर्गका निर्माण व्यवसायी इजाजत नविकरण दस्दुर | ७५००। |
| ५ | घ वर्गका निर्माण व्यवसायी इजाजत प्रतिलिपि दस्दुर | ३५००।०० |

**नोटः** व्यवसाय नविकरण दस्तुरका सम्बन्धमा आर्थिक वर्षको असोज मसान्तसम्म नविकरण गराएमा जरीवाना लाग्ने छैन । कार्तिक १ गते देखि पछाडी नविकरण गराएमा वार्षिक १० प्रतिशतको दरले जरीवाना र वर्ष नाघि बक्यौता रहन गएमा नविकरण दस्तुर वापतको पहिलो वर्षको बक्यौतामा २० प्रतिशत, दोस्रो वर्षमा ३० प्रतिशत, तेस्रो वर्षमा ४० प्रतिशत, चौथो वर्षमा ५० प्रतिशत, पाँचौ वर्षमा ६० प्रतिशत र सो भन्दा माथि ७० प्रतिशत विलम्ब शुल्क लाग्नेछ ।







## अनुसुची-५

(दफा ६ सँग सम्बन्धित)

## गाउँपालिकाले लगाउने जडिबुटी, कवाडी र जीवजन्तु कर

यस सम्बन्धी व्यवस्था गाउँपालिकाले तोके दर बमोजिम हुनेछ ।

| क्र स | जडिबुटी, कवाडी र जीवजन्तु कर | करको दर |
|---|---|---|
| १ | ढुंगाको प्रति घन मिटरखोलाको | १४०। |
| २ | ढुंगाको प्रति घन मिटर खानिको | १५०। |
| ३ | बालुवाको प्रति घन मिटर | २४५। |
| ४ | गिट्टीको प्रति घन मिटर | २५०। |
| ५ | ग्राभेल खोलाको प्रति घन मिटर | १५०। |
| ६ | ग्राभेल खानिको /बोल्डरमिक्स प्रति घन मिटर | १५०। |
| ७ | काठ सल्ला तथा अन्य स्थानिय प्रजातिको प्रति स्वायर फिट | ३। |
| ८ | अत्तिस प्रतिकेजि | ५। |
| ९ | कुटुकी | ५। |
| १० | कुरिलो र सतावरि | २। |
| ११ | गोकुलधुप | ५। |
| १२ | जटामर्सि | १०। |
| १३ | निरमसि/निरविसि | ५। |
| १४ | पदमचाल/अमलबेद | १। |
| १५ | पखनबेद/पाषण भेद | २। |
| १६ | वन प्याज | १०। |
| १५ | वनमुला | ५। |
| १६ | विष/विषमा | ५। |
| १७ | वोझो | २। |
| १८ | भुतकेश | २। |
| १९ | सतुवा/ नक्कलि सतुवा | ५। |
| २० | सपगन्धा चाँदमरुवा | ५। |
| २१ | सिस्नु | १। |
| २२ | सुगन्धवाल | २। |
| २३ | केतकि चिन/कुकरडाईनो | २। |

| क स | जडिबुटी, कवाडी र जीवजन्तु कर | करको दर |
|---|---|---|
| बोक्राजाति | | |
| २४ | जोखर काण्ड | २०। |
| २५ | ओखर (फल) | २। |
| २६ | धुपि | ५। |
| २७ | भोजपत्र | ५। |
| पातडाँठ जाति | | |
| २८ | कमलवेद/पदमचाल/चुल्टे/अमिलो कामाज चुल्टि | २। |
| २९ | उन्यु | १। |
| ३० | ठिगेरसल्ला/ठिंगेसल्ला | १। |
| ३१ | डालेचुक | १। |
| ३२ | धुपि | १। |
| ३३ | लौठसल्ला | १५। |
| फुल र भुवा जाति | | |
| ३४ | टुकिफुल | २। |
| ३५ | महारङ्गि (रतक सिङ्गे) | २। |

## अनुसुची-६

(दफा ७ सँग सम्बन्धित)

### गाउँपालिकाले लगाउने सवारी साधन कर

यस सम्बन्धी व्यवस्था गाउँपालिकाले तोके दर बमोजिम हुनेछ। जगदुल्ला गाउँपालिका बाहिरबाट यस गाउँपालिकामा भित्रीने सवारी साधनमा कर संकलन गरिने छ। तर जगदुल्ला गाउँपालिका भित्र सञ्चालन भएको अवस्थामा र सेतो नम्बर प्लेटको सवारी साधनमा कुनै कर लगाइने छैन।

| क्र.स. | सवरी साधन कर | सवारी साधन करको दर |
|---|---|---|
| १ | बाहिरबाट गाउँपालिकामा भित्रीने ट्र्याक्टरमा प्रति टिप | ५००।०० |
| २ | बाहिरबाट गाउँपालिकामा भित्रीने जिपमा प्रति टिप | २००।०० |







## अनुसुची-७

(दफा ८ सँग सम्बन्धित)

### गाउँपालिकाले लगाउने विज्ञापन कर

यस सम्बन्धी व्यवस्था गाउँपालिकाले तोके दर बमोजिम हुनेछ।

| क्र.स. | होडिङ्ग बोर्डको वार्षिक दस्तुर प्रति वर्ग फिट (विज्ञापन कर) | विज्ञपन करको दर |
|---|---|---|
| १ | व्यवसायिक दृष्टिकोणले प्रचार गर्ने साइन बोर्ड राख्ने पोस्टर टाँस्ने फिल्मी पोस्टर प्रति वर्ग फिट | १००।०० |
| २ | काठ टिनमा विज्ञापन प्रति वर्ग फिट | ५०।०० |
| ३ | संघ संस्था पसलको पोस्टर | ३००।०० |
| ४ | ठुला पसलको विज्ञापन कर | ४००।०० |
| ५ | साना पसलको विज्ञापन कर | १००।०० |

## अनुसुची-९

(दफा १० सँग सम्बन्धित)

### गाउँपालिकाले लगाउने बहाल बिटौरी कर

यस सम्बन्धी व्यवस्था गाउँपालिकाले तोके दर बमोजिम हुनेछ।

| स | गाउँपालिकाको सभा हल भाडा, डोजर र एम्बुलेन्स भाडा वापतको | बहाल बिटौरी करको दर |
|---|---|---|
| १ | गाउँपालिकाको सभा हल भाडा प्रति दिन | २०००।०० |
| २ | गाउँपालकाको डोजर भाडा प्रति घण्टा | ४०००।०० |
| ३ | एम्बुलेन्स भाडा गाउँपालिकाबाट जुम्ला र दुनै सम्म | ११०००।०० |
| ४ | एम्बुलेन्स भाडा गाउँपालिकाबाट गुठिचौर जुम्ला सम्म | ८०००। |
| ५ | एम्बुलेन्स भाडा गाउँपालिकाबाट लिकु सम्म | ७०००। |
| ६ | एम्बुलेन्स भाडा गाउँपालिकाबाट मुडकेचुलासिमाना सम्म | ३५००। |
| ७ | एम्बुलेन्स भाडा गाउँपालिकाबाट मौरे सम्म | ३५००। |
| ८ | एम्बुलेन्स भाडा गाउँपालिकाबाट त्रिपुराकोट सम्म | ८०००। |

## अनुसुची-१२

(दफा १३ सँग सम्बन्धित)

### गाउँपालिकाले लगाउने सेवा शुल्क दस्तुर

यस सम्बन्धी व्यवस्था गाउँपालिकाले तोके दर बमोजिम हुनेछ ।

| क स | सेवा शुल्क दस्तुर | करको दर |
|---|---|---|
| १ | चार किल्ला प्रमाणित दस्तुर | ५००।०० |
| २ | घर नामसारी दस्तुर | ५००।०० |
| ३ | नागरिकता सिफारिस | २५०।००० |
| ४ | अंगिकृत नागरिकता सिफारिस | १०००।०० |
| ५ | अंशवण्डा सिफारिस | ५००।०० |
| ६ | नागरिकता प्रतिलिपि सिफारिस | ५००।०० |
| ७ | संघ/संस्था दर्ता दस्तुर | ५०००।०० |
| ८ | घर कायम सिफारिस दस्तुर | २५०।०० |
| ९ | जिवित संगको नाता प्रमाणित दस्तुर | २५०।०० |
| १० | बहाल करको लेखा जोखा सिफारिस | २५०।०० |
| ११ | बन्द घर तथा कोठा खोल्ने रोहवर बस्ने | २५०।०० |
| १२ | मोहि लागत कट्टा | २५०।०० |
| १३ | घर जग्गा करको लेखा जोखा | २५०।०० |
| १४ | व्यवसाय बन्द/सञ्चालन नभएको वा हुदै नभएको सिफारिस | २५०।०० |
| १५ | सशुल्क स्वास्थ्य उपचारको सिफारिस | २५०।०० |
| १६ | अग्रेजी भाषामा सिफारिस र प्रमाणित गर्ने | ५००।०० |
| १७ | घर पातल प्रमाणित गर्ने | २५०।०० |
| १८ | कनै व्यक्तिको नाम थर जन्म मिति तथा वतन फरक फरक भएको भए सो व्यक्ति एकै हो भन्ने सिफारिस गर्ने | ५००।०० |
| १९ | नाम थर जन्म मिति संशोधनको सिफारिस | ५००।०० |
| २० | जग्गा धनि प्रमाण पुर्जा हराएको सिफारिस गर्ने | ५००।०० |
| २१ | जीवित रहेको सिफारिस गर्ने | ५००।०० |
| २२ | नामसारी गर्न सिफारिस गर्ने | ५००।०० |







| क स | सेवा शुल्क दस्तुर | करको दर |
|---|---|---|
| २३ | उद्योगको ठाउँ सारी गर्ने सिफारिस गर्ने | ५००।०० |
| २४ | आधारभूत विद्यालय खोल्ने सिफारिस गर्ने | २५०।०० |
| २५ | जग्गा मुल्याङ्कन सिफारिस | ५००।०० |
| २६ | असक्त असहाय तथा अनाथ पालन पोषणका लागी सिफारिस | २५०।०० |
| २७ | अंगिकृत नागरिकाता प्रतिलिपि सिफारिस | १०००।०० |
| २८ | आर्थिक अवस्था कमजोर रहेको सिफारिस | २५०।०० |
| २९ | आर्थिक अवस्था सम्पन्न रहेको सिफारिस | ५००।०० |
| ३० | विद्यालय सम्बन्धि सिफारिस | २५०।०० |
| ३१ | धारा वा विद्युत जडान सिफारिस | २५०।०० |
| ३२ | जातिय पहिचान र जातिय सिफारिस | २५०।०० |
| ३३ | घरबाटो प्रमाणित सिफारिस | २५०।०० |
| ३४ | छात्रवृति सिफारिस | २५०।०० |
| ३५ | स्थायी बसोबास सिफारिस | २५०।०० |
| ३६ | प्लटिङ्ग सिफारिस | १०००।०० |
| ३७ | कित्ता काट सिफारिस | ५००।०० |
| ३८ | घर बल्क नं नामसारी सिफारिस | ५००।०० |
| ३९ | डिलरसिफ सिफारिस | २५०।०० |
| ४० | पछडिएको क्षेत्रको सिफारिस | २५०।०० |
| ४१ | उपभोक्ता समितिको योजना सम्झौता र पेश्की सिफारिस | २५०।०० |
| ४२ | १० लाख सम्मको उपभोक्ता समितिको भुक्तानी सिपारिस | ५००।०० |
| ४३ | ११ लाख देखि २५ लाख सम्मको उपभोक्ता समितिको भुक्तानी सिफारिस | १०००।०० |
| ४४ | २६ लाल देखि ५० लाख सम्मको उपभोक्ता समितिको भुक्तानी सिफारिस | १५००।०० |
| ४५ | ५१ लाख भन्दा माथीको उपभोक्ता समितिको भुक्तानी सिफारिस | २०००।०० |
| ४६ | नाता प्रमाणित | २५०।०० |

| क स | सेवा शुल्क दस्तुर | करको दर |
|---|---|---|
| ४७ | नाम फरक प्रमाणित | २५०।०० |
| ४८ | अविवाहित प्रमाणित | २५०।०० |
| ४९ | मृतकसँगको नाता प्रमाणित तथा सर्जिमिन सिफारिस | २५०।०० |
| ५० | हकवाल र हकदार प्रमाणित | २५०।०० |
| ५१ | व्यक्तिगत विवरण प्रमाणित | २५०।०० |
| ५२ | व्यक्तिगत घटना दर्ता बसाई सराई ३५ दिन कटेको | २५०।०० |
| ५३ | व्यक्तिगत घटना दर्ता जन्मा ३५ दिन कटेको | २५०।०० |
| ५४ | व्यक्तिगत घटना दर्ता मृत्यु ३५ दिन कटेको | २५०।०० |
| ५५ | व्यक्तिगत घटना दर्ता विवाह ३५ दिन कटेको | २५०।०० |
| ५६ | व्यक्तिगत घटना दर्ता सम्बन्ध बिच्छेद ३५ दिन कटेको | २५०।०० |
| ५७ | व्यक्तिगत घटना दर्ता प्रतिलिपि सबै | ५००।०० |
| ५८ | जन्म मिति प्रमाणित गर्ने | ५००।०० |
| ५९ | जग्गा रोक्का सिफारिस | २५०।०० |
| ६० | अन्य सबै साधारण सिफारिस दस्तुर | २५०।०० |
| ६१ | व्यवसाय दर्ता र सञ्चालन सिफारिस सर्जीमिन गर्नु पर्ने अवस्थामा | १०००।०० |
| ६२ | व्यवसाय दार्ता र सञ्चालन सिफारिस सर्जिमिन गर्नु नपर्ने अवस्थामा | ५००।०० |
| ६३ | व्यवसाय बन्द सिफारिस | ५००।०० |
| ६४ | व्यवसाय नाम परिवर्तन सिफारिस | ५००।०० |
| ६५ | व्यवसाय नामसारी, ठाउँसारी सिफारिस | १०००।०० |
| ६६ | न्यायिक समितिमा उजुरी दस्तुर | ५००।०० |
| ६७ | प्रतिवादी दस्तुर | २५०।०० |
| ६८ | नक्कल दस्तुर | २५०।०० |
| ६९ | मिलापत्र दस्तुर | ५००।०० |
| ७० | न्यायिक दण्ड जरिवाना र जफत | न्यायिक समितिले तोके बमोजिम हुने |
| ७१ | प्रशासनिक दण्ड जरिवाना र जफत | प्रशासनले तोके बमोजिम हुने |







**नोटः** यस गाउँपालिका भित्र रहेका पुर्ण अपाङ्ग असाय तथा अविभावक विहिन बालबालिकालाई अनुसुचि १२ मा उल्लेखित करहरु छुट दिईने छ ।

**अनुसुची-१३**

(दफा १४ सँग सम्बन्धित)

**गाउँपालिकाले लगाउने पर्यटन शुल्क**

................................।

दफा १५ मा उल्लेख भएको कर छुटः यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई ऐनले तोकिए बमोजिम बाहेक कुनै पनि किसिमको कर छुट दिईने छैन ।

दफा १६ मा उल्लेख भएको कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधिः यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

आज्ञाले

**केशवराज जैसी**

**नि. प्रमुख प्रशासकीय अधिकृत**